सूचना!    सूचना!!    सूचना!!!

हाल बिश्वव्यापी महामारीको रुपमा फैलिएको नोभल कोरोना भाइरस ( कोभिड १९) को संक्रमणवाट बच्न पूर्व तयारी स्वरुप अपनाउनु पर्ने सावधानीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६/१२/०७ मा बसेको पूर्ण बैठकले गरेको निर्णयहरु कार्यान्वयन गर्ने सन्दर्भमा यस अदालतको काम कारवाही देहाय बमोजिम हुने व्यहोरा सम्बन्धित सवैको जनकारीका लगि अनुरोध छ।

१. यस अदालतको अधिकारक्षेत्र भित्र पर्ने वैयक्तिक स्वतन्त्रता संग सम्बन्धित बिषय र अत्यवश्यकीय अन्य सेवाहरु जस्तै बन्दीप्रत्यक्षीकरण, अभियोगपत्र दर्ता, बयान र थुनछेक, पक्राउपूर्जी अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन, म्याद थप तथा महामारीसंग सम्बन्धित गम्भीर प्रकृतिका निवेदनहरु एवं रकम तिरी कैदवाट छाड्न दिइने निवेदन, बालबालिका जिम्मा दिने सम्बन्धी निवेदन नियमित रुपमा सुनुवाई र तत्सम्बन्धी अन्य कार्य सम्पादन हुने।
२. माथि प्रकरण (१) मा उल्लेख भए बाहेक फिरादपत्र, प्रतिउत्तर दर्ता, तारेख बकपत्र लगायत मुद्दा तथा निवेदनहरुमा पेशी तारिख लगायतका अन्य कुनै पनि काम कारवाहीहरु मिति २०७६/१२/०९ देखि ऐ. २१ गते सम्म नहुनेगरी स्थगन र सो सम्बन्धि सेवा प्रवाह बन्द हुने।
३. माथि प्रकरण (२) बमोजिम काम कारवाही स्थगन र सेवा प्रवाह बन्द गरेको अवधिमा तोकिएको पेशी, तारिख, मुद्दाको हदम्याद, म्याद र तारिख नगुज्रे सरह मानी मुलुकी देवानी कार्याविधि संहिता, २०७४ को दफा २२५ वा मुलुकी फौजदारी कार्याविधि संहिता २०७४ को दफा ५९ बमोजिम बाटोको म्याद वाहेक १० दिन भित्र उपस्थित हुन आएमा मुद्दा दर्ता, प्रतिउत्तर दर्ता गर्ने कार्य, पेशी, तारिख लिने लगायतका काम कारवाही हुनेछन।
४. अदालतभित्र प्रवेश गर्ने सवैले अनिवार्य रुपमा मास्क र स्यानिटाइजर (Alcohol based sanitizer) को प्रयोग गर्नु पर्ने।
५. अदालतमा प्रवेश गर्दा र अदालतमा रहँदा आवश्यक दुरी कायम गरी रहने र अनावश्यक भिडभाड नगर्ने र आफ्नो काम सम्पन्न भइसके पश्चात यथाशक्य चाँडो अदालत परिसरवाट बाहिरिने।

अन्य बिस्तृत जानकारीका लागि सम्मानित सर्वोच्च अदालतवाट मिति २०७६/१२/०७ मा जारी गरिएको प्रेस विज्ञसी ( www.supremecourt.gov.np) मा हेर्न हुन समेत अनुरोध छ।

२०७६/१२/८

झापा जिल्ला अदालत
भद्रपुर झापा
मिसिलदार
उप-सचिव